# भाग ३

## नेपाल सरकार

## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको

### सूचना १

### <u>कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७</u>

<u>प्रस्तावना:</u> कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६।१२।०९ को निर्णय अनुसार जोखिम भत्ता उपलब्ध गराउन वाञ्छनीय भएकोले,

संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस आदेशको नाम "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७" रहेको छ।

(२) यो आदेश नेपाल राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "उपचार" भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण

तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा सम्झनु पर्छ ।

(ख) "कोभिड-१९" भन्नाले सार्स-कोभ-२ भाइरसले गर्ने संक्रमणबाट मानिसलाई हुने रोग सम्झनु पर्छ ।

(ग) "जनशक्ति" भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न दफा ३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमका जनशक्ति सम्झनु पर्छः-

(१) चिकित्सक,
(२) नर्स,
(३) पारामेडिक्स,
(४) प्रयोगशालाकर्मी,
(५) इमेजिङ्ग सेवा प्रदायक,
(६) एम्बुलेन्स चालक तथा सहायक,
(७) इलेक्ट्रिसियन तथा प्लम्बर,
(८) सुरक्षाकर्मी,
(९) सरसफाइमा संलग्न कर्मचारी,
(१०) प्रशासनिक तथा अन्य कर्मचारी र सहयोगी कर्मचारी
(११) सम्बन्धित कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा



मुद्रण विभाग

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहेको भनी प्रमाणित गरेका कर्मचारी।

(घ) "जोखिम भत्ता" भन्नाले कोभिड-१९ को संक्रमणको उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न रहने जनशक्तिलाई यस आदेश बमोजिम प्रदान गरिने भत्ता सम्झनु पर्छ।

(ङ) "प्रयोगशाला" भन्नाले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा कोभिड-१९ को परीक्षण गर्न योग्य प्रयोगशाला सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले स्वास्थ्य सेवा विभाग सम्झनु पर्छ।

३. **जोखिम भत्ता प्राप्त गर्न सक्नेः** कोभिड-१९ को संक्रमणको उपचारमा संलग्न देहाय बमोजिमका निकायका देहाय बमोजिमका काममा खटिएका जनशक्तिले जोखिम भत्ता प्राप्त गर्न सक्नेछन्:-

(क) देहाय बमोजिमका हेल्थ डेस्कमा खटिई कार्यरत जनशक्तिः-

(१) त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको हेल्थ डेस्क,

(२) स्थलगत नाकामा खडा गरिएका हेल्थ डेस्क,



मुद्रण विभाग

(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा अन्तर्गतका मन्त्रालय, कार्यालय वा अन्य कुनै निकायले आवश्यक ठानी विभिन्न स्थानमा खडा गरिएका हेल्थ डेस्क ।

(ख) देहाय बमोजिमका क्वारेन्टाईनमा खटिई कार्यरत जनशक्तिः-

(१) नेपाल सरकारले विदेशबाट उद्धार गरी ल्याएका व्यक्तिको हेरचाह तथा निगरानीका लागि नेपाल सरकारबाट खडा गरिएका क्वारेन्टाईन,

(२) कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका विभिन्न नाकाबाट नेपाल प्रवेश गरेका स्वदेशी तथा विदेशी नागरिकलाई राख्नका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा अन्तर्गतका मन्त्रालय, कार्यालय वा अन्य कुनै निकायबाट खडा गरिएका क्वारेन्टाईन,

(३) कोभिड-१९ को संक्रमण हुन सक्ने शंका गरिएका देशभित्र



मुद्रण विभाग, सिंहदरबार

रहेका व्यक्तिलाई नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा अन्तर्गतका मन्त्रालय, कार्यालय वा अन्य कुनै निकायबाट खडा गरिएका क्वारेन्टाईनमा नै राख्नुपर्ने भनी सिफारिस गरिएका व्यक्तिलाई राख्नको लागि खडा गरिएका क्वारेन्टाईन,

(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह तथा अन्तर्गतका मन्त्रालय वा कार्यालयबाट खडा गरिएका अन्य कुनै क्वारेन्टाईन।

(ग) देहाय बमोजिमका उपचारमा संलग्न जनशक्तिः-

(१) संक्रमणको शंकास्पद व्यक्तिलाई शुरु परीक्षण (स्क्रिनिङ्ग) र सो कार्यमा सहयोग पुऱ्याउने तथा फिबर (ज्वोरो) क्लिनिकमा खटिएका जनशक्ति,

(२) संक्रमणको शंकास्पद व्यक्तिलाई आइसोलेसनमा राखेको अवस्थामा त्यस्तो आईसोलेसन बेड तथा वार्डमा खटिएका जनशक्ति,



मुद्रण विभाग, सिंहदरबार

(३) संक्रमण भई उपचाररत रहेका व्यक्तिको उपचारमा खटिएका जनशक्ति,

(४) कोभिड-१९ को संक्रमणको पुष्टि भएका व्यक्तिलाई उपचार गर्न भनी तोकिएका अस्पतालमा कार्यरत जनशक्ति,

(५) संक्रमणको शंकास्पद व्यक्ति तथा संक्रमणको पुष्टि भएका व्यक्तिको इमेजिङ्ग सेवा प्रदायक जनशक्ति।

(घ) देहाय बमोजिमका प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिः-

(१) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना संकलन, प्याकिङ्ग र ढुवानीमा संलग्न जनशक्ति,

(२) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना परीक्षण र प्रमाणीकरण गर्ने जनशक्ति,

(ङ) स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्र (एचईओसी) मा कार्य गर्न तोकिएका जनशक्ति,

(च) खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको जनशक्तिलाई प्रत्यक्ष तथा



मुद्रण विभाग, सिंहदरबार

अप्रत्यक्ष रूपमा सहयोगका लागि तत् तत् स्थानमा खटिएका जनशक्ति,

(छ) कोभिड-१९ का बिरामीसँग सम्पर्कमा आएका व्यक्तिको खोजी कार्य (कन्टयाक्ट ट्रेसिङ्ग) मा खटिएका स्वास्थ्यकर्मी,

(ज) यस दफामा उल्लिखित जनशक्ति बाहेक नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) मा उल्लिखित जनशक्तिको व्यवस्थापनमा संलग्न जनशक्ति,

(झ) यस आदेश बमोजिमको कार्यको अनुगमन, मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न जनशक्ति।

४ **विवरण तथा कागजात संलग्न गर्नुपर्नेः** (१) जोखिम भत्ता प्राप्त गर्नका लागि पुष्टयाँई सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी दफा ६ बमोजिमको निकाय समक्ष पेश गर्नु पर्नेछः-

(क) दफा ३ बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी,

(ख) क्वारेन्टाईनको हकमा सम्भावित संक्रमित व्यक्ति क्वारेन्टाईनमा बसेको विषय पुष्टयाँई गर्ने विवरण,

(ग) फिबर (ज्वोरो) क्लिनिकको हकमा फिबर क्लिनिक सञ्चालन गरेको प्रमाण तथा



मुद्रण विभाग

फिबर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको विवरण,

(घ) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परीक्षण गरेका, आईसोलेसनमा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका बिरामीको विवरण,

(ङ) ईमेजिङ्ग सेवा प्रदायकको हकमा कोभिड-१९ को शंकास्पद तथा पुष्टि भएका बिरामीलाई ईमेजिङ्ग सेवा प्रदान गरेको विवरण,

(च) प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना सङ्कलन गरिएका तथा प्रयोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण ।

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ को संक्रमण भएका व्यक्तिलाई उपचार गर्न तोकिएका सरकारी अस्पतालमा कार्यरत जनशक्ति र दफा ३ को खण्ड (छ) र (ज) बमोजिमको जनशक्तिको हकमा खटाएको पत्र आवश्यक पर्ने छैन।

५. <u>**रकम उपलब्ध गराउने**</u>: कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता बापतको रकम मन्त्रालय वा विभागले उपलब्ध गराउनेछ।

६. <u>**जोखिम भत्ता व्यवस्थापन**</u>: (१) कोभिड-१९ को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रण तथा उपचारमा खटाएका



मुद्रण विभाग

जनशक्तिलाई खटाउने निकायले नै जोखिम भत्ता व्यवस्थापन गरी सोको सोधभर्नाको लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न गरी मन्त्रालय वा विभागमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश तथा स्थानीय तहले खटाएका जनशक्तिलाई सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहले नै जोखिम भत्ताको व्यवस्था गर्नु पर्नेछ।

(३) निजी, गैरसरकारी, सहकारी तथा सामुदायिक अस्पतालले कोभिड-१९ को संक्रमणको उपचारमा प्रत्यक्ष रुपमा संलग्न जनशक्तिलाई यस आदेशमा उल्लेख भए बमोजिमको जोखिम भत्ता उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको रकम अस्पताल आफैंले व्यहोर्न नसक्ने कुनै आधार र कारण भएमा सो खुलाई देहाय बमोजिमका कागजात संलग्न गरी विभाग मार्फत मन्त्रालयमा अनुरोध गर्न सक्नेछः-

(क) आफ्नो अस्पतालमा उपचार गरिएका कोभिड-१९ का बिरामीको विस्तृत विवरण,

(ख) आफ्नो अस्पतालमा कोभिड-१९ का बिरामीलाई उपचार गर्न प्रत्यक्ष रूपमा खटिएको स्वास्थ्यकर्मी भनी सम्बन्धित अस्पतालको प्रमुखले प्रमाणित गरेको कागजात,

(ग) अस्पताल आफैंले जोखिम भत्ता व्यहोर्न नसक्नाको आधार र कारण पुष्टि गर्ने कागजात।



मुद्रण विभाग, सिंहदरबार

(५) उपदफा (१) बमोजिमको विवरण प्राप्त भएपछि विवरणको आवश्यक जाँचबुझ गरी जोखिम भत्ता प्रदान गर्नुपर्ने देखिएमा मन्त्रालय वा विभागले त्यस्तो रकमको भुक्तानी दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम भुक्तानी दिन रकम नपुग भएमा विभागले भुक्तानीको लागि एकमुष्ट रुपमा मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम लेखी आएमा मन्त्रालयले आवश्यकता र उपयुक्तताको आधारमा निर्णय गरी नपुग रकम व्यवस्थाको लागि अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम अनुरोध भई आएमा अर्थ मन्त्रालयले त्यस्तो रकम निकासा गरी दिनु पर्नेछ ।

७. **जोखिम भत्ताः** देहायको जनशक्तिलाई देहाय बमोजिम जोखिम भत्ता उपलब्ध गराइनेछः-

(क) संक्रमणको शंका लागी आईसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा संक्रमणको शंकास्पद तथा पुष्टि भएका बिरामीको नमूना सङ्कलन गर्ने जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत,

(ख) संक्रमणको शंका लागी आइसोलेसनमा राखिएका वा संक्रमण पुष्टि भई उपचारमा रहेका बिरामीको उपचारमा अप्रत्यक्ष



मुद्रण विभाग सिंहदरबार

संलग्न र इमेजिङ्ग सेवा प्रदायक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचहत्तर प्रतिशत,

(ग) कोभिड-१९ को महामारी शुरु भइसके पछि स्थापना भएका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा भारत र चीनका नाकाहरुमा स्थापना गरिएका हेल्थ डेस्कमा खटिएका जनशक्ति तथा प्रयोगशाला परीक्षणका लागि सङ्कलन गरिएको नमूना प्याकिङ्ग तथा ओसारपसारमा संलग्न तथा आइसोलेसनमा राखिएका र संक्रमण पुष्टि भई उपचाररत बिरामीको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचास प्रतिशत,

(घ) कोभिड-१९ को परीक्षण गर्ने प्रयोगशालामा कार्यरत जनशक्तिमध्ये प्रत्यक्ष रुपमा परीक्षण तथा प्रमाणीकरणमा संलग्न जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत,

(ङ) खण्ड (क), (ख) र (घ) को कार्यमा सहयोग पुऱ्याउने कार्यमा संलग्न र दफा ३ को खण्ड (ङ), (च), (छ), (ज) र



मुद्रण विभाग, सिंहदरबार

(झ) बमोजिम तोकिएका जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको पचास प्रतिशत ।

८. **अनुगमन गर्ने:** जोखिम भत्ता लागू भए नभएको र जोखिम भत्ताको दुरुपयोग भए नभएको सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नेछ ।

९. **जोखिम भत्ताको अवधि:** (१) देहायका जनशक्तिलाई देहायको अवधि देखि लागू हुने गरी जोखिम भत्ता उपलब्ध गराइनेछः-

(क) शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा कार्यरत जनशक्तिको हकमा संवत् २०७६ साल पुस २८ गते देखि,

(ख) कोभिड-१९ को महामारी शुरु भइसके पछि स्थापना भएका त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा भारत र चीनका नाकामा स्थापना गरिएका हेल्थ डेस्कमा कार्यरत जनशक्तिको हकमा त्यस्तो हेल्थ डेस्क सञ्चालनमा आएको मिति देखि,

(ग) खण्ड (क) र (ख) मा उल्लेख भए देखि बाहेक अन्यको हकमा संवत् २०७६ साल चैत ९ गते देखि ।

(२) उपदफा (१) बमोजिमको जोखिम भत्ता नेपालमा कोभिड-१९ नियन्त्रण भईसकेको वा जोखिम नरहेको भनी नेपाल सरकारले निर्णय गरेको मिति वा संवत् २०७७ साल असार मसान्तमध्ये जुन अघि हुन्छ सोही अवधिसम्म कायम रहनेछ।



सुशासन कानून